**आ.व. ०८१/८२ को दशौँ बैठक**

आज मिति २०८२ साल वैशाख ०७ गते आइतबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री सन्देश कुमार साम्सोहाङ | का.वा. अध्यक्ष | ९८०४९९४६४० | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | जसोदा |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९६८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ~~९८१६०२९९१००~~ 98626… | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

शिव कुमार काम्बाङ, प्रशासन शाखा

धन बहादुर बुढाथोकी, का.स.

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरको च.नं.-१०११, मितिः २०८१/१२/२१ गतेको आगामी आ.व. ०८२/०८३ मा प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रानुसार आ.व. २०८२/८३ को लागि प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन गरिने आयोजनाको लागि यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरु श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा प्रस्ताव पेश गर्ने निर्णय सर्वसहमतिले गरियो ।

तपसिल:

१. गाउँपलिका भवन परिसर व्यवस्थापन तथा सौन्दर्यकरण, पाथीभरा याङवरक गाउँपालिका वडा नं.-२, थेचम्बु, ताप्लेजुङ.

२. कालिका मा. वि. भवन निर्माण, पाथीभरा याङवरक गाउँपालिका वडा नं.-३, तिरिङ्गे, ताप्लेजुङ।

निर्णय नं.-३

यस गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाको पहिचान, छनौट तथा कार्यान्वयन गर्नका लागि सरोकारवालाहरुबाट आयोजना माग गरी दर्ता गर्ने, माग गरीएका आयोजनाहरुबाट मात्र आयोजना छनौट गर्नुपर्ने र छनौट भएका आयोजनालाई आयोजना बैङ्कमा समावेश गर्नुपर्ने र समावेश भएका आयोजनालाई मात्र आगामी बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्ने भनि मिति २०८१।१२।२२ गते सबै वडा कार्यालयहरु र सरोकारवालाहरुमा पत्राचार गर्दा हालसम्म पनि सबै वडाबाट कागजात आइनसकेको हुनाले मिति २०८२।०१।१२ सम्म म्याद थप गरी आयोजना हरु दर्ता गरिसक्ने सर्वसम्मतिले निर्णय गरियो।

निर्णय नं.-४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको च.नं.४२२, मितिः २०८१/०३/०५ गतेको पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत यस गाउँपालिकाको वडा नं.-६ स्थित शारदा मा.वि., थुम्बेदिनको भवन निर्माणको लागि प्रस्ताव पेश गर्ने साथै आयोजना लागतको ५ प्रतिशत रकममा यस गाउँपालिकाले लागत सहभागिता जनाउने प्रतिबद्धता जाहेर गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

आ.व.०८१/०८२ मा संघीय सशर्त अनुदान अन्तर्गत स्वीकृत कार्यक्रम सेरुपा झोलुङ्गे पुल, लुङसेक झोलुङ्गे पुलको लागि विनियोजित रकम रु. १०,०००,००।- (अक्षेरेपी दश लाख मात्र।) बाट उपभोक्ता समिति गठन गरी निर्माण कार्य अघि बढाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपालको मिति:२०८१/१२/२६ गतेको अवधारणा पत्र पेश गर्ने सम्वन्धी सूचनाबमोजिम नवप्रवर्तन साझेदारी कोष कार्यान्वियन निर्देशिका, २०७८ बमोजिम तपसिलको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि आयोजनाको अवधारणा पत्र पेश गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

परियोजनाको नामः एक वडा एक उत्पादन (OWOP) कार्यक्रम

निर्णय नं.-७

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपालको मिति:२०८१/१२/२६ गतेको अवधारणा पत्र पेश गर्ने सम्वन्धी सूचनाबमोजिम नवप्रवर्तन साझेदारी कोष कार्यान्वियन निर्देशिका, २०७८ बमोजिम तपसिलको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि एक वडा एक उत्पादन (OWOP) कार्यक्रमको कुल लागत १,५०,००,०००।- (अक्षरेपी एक करोड पचास लाख मात्र।) मध्ये निर्देशिकाले तोकेबमोजिमको २५ प्रतिशत लागत साझेदारी यस कार्यालयबाट वेहोर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङको च.नं. १४९२ मिति २०८२।०१।०५ को पत्रानुसार समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय ताप्लेजुङको को १ झ ६०६ नम्बरको टाटा पिकअप गाडी मर्मत गर्दा रु. १००४००।२६ (अक्षेरुपी एक लाख चार सय रुपैयाँ छब्बीस पैसा मात्र) बिल भरपाई पेश भएको हुदाँ उक्त रकम सवारी साधन मर्मत खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।

निर्णय नं.-१०

पाथीभरा याङवरक गाउँपालिकाको क्षेत्रभित्र रहेका सडकहरु वर्षातका समयमा बिग्री अवरुद्ध हुने भएकोले मिति:२०८२/०२/०१ गते देखि मिति: २०८२ असोज मसान्तसम्मको लागि सम्बन्धित वडाको सिफारिसका आधारमा सडक हेरालुहरुलाई देहायबमोजिम जिम्मेवारी दिई करारसेवा शुल्क शिर्षकबाट बढीमा मासिक १२,०००।– भुक्तानी हुने गरी कामकाजमा लगाउने सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

| क्र.स. | वडा नं. | सडक हेरालुको संख्या |
|---|---|---|
| १ | वडा नं.-१, नाङखोल्याङ | ४ |

| | | |
|---|---|---|
| २ | वडा नं.-२, थेचम्बु | ४ |
| ३ | वडा नं.-३, तिरिङ्गे | ४ |
| ४ | वडा नं.-४, डुम्रिसे | २ |
| ५ | वडा नं.-५, चाक्सीबोटे | २ |
| ६ | वडा नं.-६, थुम्वेदिन | ३ |
| | जम्मा | १९ |

निर्णय नं.-११

पाथीभरा याङवरक गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८० को दफा-४ (च) बमोजिम चैत्र महिनाको उत्कृष्ट कर्मचारी (Employee Of The Month) थेचम्बु स्वास्थ्य चौकीमा कार्यरत हेल्थ असिस्टेण्ट श्री विशाल सेजुवाललाई छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१२

आ.व.०८१/०८२ मा गाउँसभाबाट स्वीकृत वडा नं. ४ डुम्रिसेमा सिलाई बुनाई तालिम कार्यक्रमबाट ४ नं. वडा डुम्रिसेमा स्वीटर बुन्ने तालिम परामर्श सेवाबाट सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१३

यस गाउँपालिकाको वडा नं.-३ मा रहेको स्वास्थ्य चौकी, तिरिङ्गेमा प्राविधि स्टिमेट बमोजिम खानेपानी जडान, धारा फिटिङ्ग र मर्मत सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदनबमोजिम रकम रु.२७,०००।- (अक्षरेपी सत्ताइस हजार मात्र।) खर्च भएकोमा उक्त रकम पानी तथा विजुली शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१४

आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कफी खेती कार्यक्रम सञ्चालनको लागि मितिः२०८१/१२/२० गते प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गरेको श्री मैदान वहुउद्देश्यीय कृषि बगान प्रा.लि., पाथीभरा याङवरक- ६, ताप्लेजुङलाई छनौट गरी कुल लागत ईष्टिमेटको ७५% अनुदान दिने सर्वहसमतिले निर्णय गरियो।

निर्णय नं.-१५

आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कपास खेती तथा कपास प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि मितिः २०८१/१२/२० गते प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गरेको श्री कपास खेति कृषक समूह, पाथीभरा याङवरक- ५ र ६, ताप्लेजुङलाई छनौट गरी कुल लागत ईष्टिमेटको ७५% अनुदान दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१६

प्रस्तुत विषयमा पाथीभरा याङवरक गाउँपालिका वडा नं.-३, तिरिङ्गेमा नेपाल टेलिकमको टावरमा थ्री फेज मिटर जडान गर्न आवश्यक देखिएको हुँदा, नेपाल टेलिकम दुर सञ्चार कार्यालय, ताप्लेजुङसँगको समन्वयमा उक्त कार्य गर्नको लागि नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा केन्द्र निर्देशनालय, कोशी प्रादेशिक कार्यालय, ताप्लेजुङ वितरण केन्द्रबाट रु.२,९४,३४०।९९ को लागत अनुमान पेश भएको हुँदा, नेपाल टेलिकम दुर सञ्चार कार्यालय, ताप्लेजुङबाट रु.१,५०,०००।- र बाँकी रु. १४४३४०।९९ रकम यस कार्यालयबाट वेहोर्ने र उक्त रकम राजश्व सुधार कार्ययोजना निर्माणबाट रकमान्तर गरी भुक्तानी गर्ने साथै प्रकोप व्यवस्थापन कोषमा तपसिलको रकम रकमान्तर गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

| क.स. | कार्यक्रमको नाम | रकम | रकमान्तर हुने शिर्षक | रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | राजश्व सुधार कार्ययोजना निर्माण | १५००००० | नेपाल टेलिकमको टावरमा थ्री फेज मिटर जडान | १४४३४०।९९ | ९.६२ |
| | | | प्रकोप व्यवस्थापन कोष | २२५००० | १५ |
| २ | पुँजीगत अनुसन्धान तथा परामर्श | १५००००० | प्रकोप व्यवस्थापन कोष | २७५००० | १८.३३ |